# शहिद लखन गाउँ कार्यपालिकाको ८८औं बैठक

आज मिति २०८२।११।२८ गते, नेपाल संवत् १४४६, चिल्लागाः नवमी, बिहिबारका दिन शहिद लखन गाउँ कार्यपालिकाको ८६औं बैठक गाउँपालिकाका आदर्णीय अध्यक्ष श्री रमेश बाबु थापा मगरज्यूको अध्यक्षतामा निम्नानुसारको उपस्थितिमा बसी देहाय बमोजिमको निर्णयहरु गरियो।

उपस्थितिः

| | | |
|---|---|---|
| १. श्री रमेश बाबु थापा मगर | अध्यक्ष | |
| २. श्री इन्दिरा तिवारी | उपाध्यक्ष | |
| ३. श्री बाबुराम मगर | प्रमुख प्रशासकीय अधिकृत | |
| ४. श्री प्रेम गुरुङ्ग | वडाध्यक्ष, वडा नं १ | |
| ५. श्री सकुन थापा मगर | वडाध्यक्ष, वडा नं २ | |
| ६. श्री दिपक पाण्डे | वडाध्यक्ष, वडा नं ३ | |
| ७. श्री यम बहादुर थापा | वडाध्यक्ष, वडा नं ४ | |
| ८. श्री यम बहादुर राना | वडाध्यक्ष, वडा नं ५ | |
| ९. श्री दिलिप नारायण थापा | वडाध्यक्ष, वडा नं ६ | |
| १०. श्री शरण श्रेष्ठ | वडाध्यक्ष, वडा नं ७ | |
| ११. श्री बासुदेव ढकाल | वडाध्यक्ष, वडा नं ८ | |
| १२. श्री राम कुमार श्रेष्ठ | वडाध्यक्ष, वडा नं ९ | |
| १३. श्री कृष्ण बहादुर प्रजा | कार्यपालिका अल्पसंख्यक सदस्य | |

| | | |
|---|---|---|
| १४. श्री शोभा नेपाली | कार्यपालिका दलित महिला सदस्य | |
| १५. श्री गिता परियार | कार्यपालिका महिला सदस्य | |
| १६. श्री लिना थापा | कार्यपालिका महिला सदस्य | |
| १७. श्री हस्त कुमारी गुरुङ्ग | कार्यपालिका महिला सदस्य | हस्त |
| १८. श्री विमला ढुंगाना अंगाई | कार्यपालिका महिला सदस्य | |
| १९. | | |
| २०. | | |
| २१. राजेन्द्र खनाल | शिक्षा अधिकृत | |
| २२. अर्विन थापा | यु.ज.अ. | |
| २३. याम बहादुर टेकट्टा | प्र.क. | |
| २४. यदुनाथ बराल | " | |
| २५. डा. विवेक पुडासैनी | पशु चिकित्सक | |
| २६. राजन रानाभाट | इन्जिनियर | |
| २७. मनिला श्रेष्ठ | सि.अ.न.मि.नि. | |
| २८. सुजन जंग थापा | श.ले.गा.पा. | |
| २९. स्मिला गुरुङ्ग | का.स. | |

**प्रस्ताव नं. १: आर्थिक सहयोग सम्बन्धमा।**

निर्णय नं. १: प्रस्ताव नं. १ को सम्बन्धमा छलफल गर्दा मिति २०८२।११।१२ गते दिनको ४ बजेको समयमा जिल्ला धादिङ त्रिपुरासुन्दरी गाउँपालिका, वडा नं. ३, खुर्सानीटार स्थित सम्झना थापा मगरको घर नजिकै चट्याङ्ग पर्दा पाहुना मात्र गएकी यस गाउँपालिका, वडा नं. ८ को कृष्ण बहादुर घर्ती मगरकी १२ वर्षीय छोरी दिलिसा घर्ती मगरको चट्याङ्ग लागेर मृत्यु भएकाले मृतकको आत्माको चीर शान्तिको कामना सहित श्रद्धाञ्जली व्यक्त गरियो। साथै स्थानीय विपद् व्यवस्थापन समितिको निर्णय बमोजिम मृतकका परिवारलाई गाउँपालिकाबाट रु. १,००,००० (एक लाख रुपैयाँ) आर्थिक राहत उपलब्ध गराउने तथा थप आर्थिक राहतका लागि जिल्ला विपद् व्यवस्थापन समिति, गोरखा मा सिफारिस गर्ने निर्णयलाई यस गाउँ कार्यपालिकाबाट अनुमोदन गरि सम्बन्धित कार्यालयमा सिफारिस गर्ने निर्णय गरियो।

**प्रस्ताव नं. २: कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी सम्बन्धमा।**

निर्णय नं. २: प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाका वडा नं. १ का वडाध्यक्ष श्री प्रेम गुरुङ हाल सामान्य मस्तिष्क पक्षाघातका कारण काठमाडौं स्थित न्यूरो अस्पताल, बाँसबारीमा उपचाररत रहनुभएको हुँदा उहाँको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछौं। साथै उहाँ कार्यालयमा उपस्थित भई नियमित रूपमा कार्यसम्पादन गर्न नसक्ने अवस्था रहेको हुँदा अर्को व्यवस्था नभएसम्मका लागि वडा नं. १ का जेष्ठ वडा सदस्य श्री लाल बहादुर गुरुङ्ग लाई वडा नं. १ को कार्यवाहक वडा अध्यक्षको जिम्मेवारी तोक्ने निर्णय गरियो।

**प्रस्ताव नं. ३: स्वमूल्याङ्कन समन्वय समिति गठन सम्बन्धमा।**

निर्णय नं. ३: प्रस्ताव नं. ३ को सम्बन्धमा छलफल गर्दा स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन (व्यवस्थापन तथा सञ्चालन) कार्यविधि, २०८२ को दफा १४ अनुसार तपसिलको स्वमूल्याङ्कन समन्वय समिति को गठन गर्ने निर्णय गरियो।

(क) श्री बाबुराम मगर, प्रमुख प्रशासकीय अधिकृत - संयोजक

(ख) श्री राजेन्द्र खनाल, सामाजिक विकास समिति, सदस्य सचिव - सदस्य

(ग) श्री नविन अधिकारी, आर्थिक विकास समिति, सदस्य सचिव - सदस्य

(घ) ई.राजन रानाभाट, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन समिति, सदस्य सचिव - सदस्य

(ङ) श्री यदुनाथ बराल, योजना शाखा प्रमुख - सदस्य सचिव

**प्रस्ताव नं. ४: नवप्रवर्तन साझेदारी परियोजना कार्यान्वयन सम्बन्धमा।**

निर्णय नं. २: प्रस्ताव नं. २ को सम्बन्धमा छलफल गर्दा नवप्रवर्तन साझेदारी परियोजना सञ्चालन कार्यविधि, २०८२ बमोजिम स्वीकृत भएको मनकामना फोहरमैला व्यवस्थापन परियोजनाको लागि बजेट प्राप्त भएकोले उक्त परियोजनाको कार्यान्वयन प्रकृया अघि बढाउने निर्णय गरियो।

**प्रस्ताव नं. ५: जग्गा अधिग्रहण सम्बन्धमा।**

निर्णय नं. ५: प्रस्ताव नं. ५ को सम्बन्धमा छलफल गर्दा जग्गा प्राप्ति ऐन, २०३४ को दफा २७ बमोजिम नेपाल सरकारले सार्वजनिक कामको लागि कुनै जग्गा सम्बन्धित जग्गावालासँग वार्ताद्वारा प्राप्त गर्न सक्ने व्यवस्था अनुसार शहिद लखन गाउँपालिका वडा नं. ७ स्थित काहुँले भंगार, बुंकोटमा प्रथम शहिद लखन थापा मगरको स्मारक क्षेत्र निर्माण गर्नका लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्न शहिद लखन गाउँपालिकाले सम्बन्धित जग्गाधनीहरूसँग वार्ता गर्दा जग्गा दिन राजी भएको, नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको चलानी नं. २०५ मिति २०७७/०८/२९ गतेको पत्रबाट नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७७/०८/२५ को बैठकबाट जग्गा प्राप्तिको लागि स्वीकृति दिने निर्णय भएको जानकारी प्राप्त भएको, जग्गा प्राप्ती ऐन २०३४ को दफा १३(२) बमोजिम जिल्ला मुआब्जा निर्धारण समितिको मिति २०७९।१२।२९ गतेको बैठकको निर्णयानुसार जग्गाको मुआब्जा निर्धारण भएको, जिल्ला प्रशासन कार्यालय, गोरखाद्वारा जग्गा मुआब्जा दाबी गर्ने सम्बन्धी प्रथम पटक मिति २०८०।०१।२७ गते सूचना प्रकाशन समेत भएको, अधिग्रहण गर्ने २२ कित्ता जग्गाहरू मध्ये १३ कित्ता जग्गाको जग्गाधनीहरूले मुआब्जा बुझी जग्गा अधिग्रहण भैसकेको तर बाँकी रहेको तपसिल बमोजिमका जग्गाधनीहरूले हाल सम्म पनि जग्गाको मुआब्जा दाबी नगरेको कारण जग्गा अधिग्रहण हुन सकेको छैन। जग्गा प्राप्ति ऐन २०३४ को दफा ३७ मा तोकिएको म्यादभित्र क्षतिपूर्ति वा मुआब्जा बुझिलिनु पर्ने व्यवस्था रहेको छ। "यस ऐनको विभिन्न दफाहरूमा क्षतिपूर्ति वा मुआब्जा लिनको लागि म्यादभित्र सरोकारवाला व्यक्तिले सो रकम लिन नआएमा वा लिन मञ्जुर नगरेमा स्थानीय अधिकारीले त्यस्तो क्षतिपूर्ति वा मूआब्जाको रकम बुझ्नको लागि तीन महिनाको अन्तिम म्याद दिई सूचना प्रकाशित गर्नु पर्नेछ। सो म्यादभित्र पनि लिन नआउने सरोकारवाला व्यक्तिले त्यस्तो क्षतिपूर्ति वा मूआब्जा पाउने छैन र सो क्षतिपूर्ति वा मूआब्जाको रकम सञ्चित कोषमा दाखिल गरिनेछ" भन्ने व्यवस्था रहेकोले उक्त जग्गाहरू अधिग्रहणको कार्य नहुँदा उक्त ठाउँमा गाउँपालिका तथा संघीय सरकारबाट पटक पटक विनियोजित बजेटहरू समेत कार्यान्वयन हुन नसकेकोले उक्त जग्गा अधिग्रहणको लागि कानुन बमोजिम आवश्यक प्रकृयामा अगाडी बढाउन प्रमुख जिल्ला अधिकारी/स्थानीय अधिकारी, जिल्ला प्रशासन कार्यालय, गोरखालाई सिफारिस गरी पठाउने निर्णय गरियो।

<u>तपसिल:</u>

| क्र.स. | जग्गाधनी नाम | ठेगाना | जग्गाको विवरण | | | | प्राप्त हुने जग्गाको क्षेत्रफल | प्रयोजन |
|---|---|---|---|---|---|---|---|---|
| | | | साविकको गा.वि.स. | साविक वडा नं. | कित्ता नं. | जग्गाको क्षेत्रफल | | |
| १ | खड्क कुमारी राना मगर | श.ल.गा.पा.७ | बुंकोट | ४ | ८७८ | २-२-३-३ | २-२-३-३ | प्रथम शहिद लखन थापा मगरको स्मारक क्षेत्र निर्माण |
| २ | कमन बहादुर राना | श.ल.गा.पा.७ | बुंकोट | ४ | ८६१ | ०-१०-२-३ | ०-१०-२-३ | |
| ३ | रत्न बहादुर राना मगर | श.ल.गा.पा.७ | बुंकोट | ४ | ८८४ | ०-९-१-३ | ०-४-१-३ दक्षिण तर्फ | |
| | | | | | १६७२ | ३-३-३-० | ३-३-३-० | |
| ४ | दुर्गा प्रसाद काप्री | श.ल.गा.पा.७ | बुंकोट | ४ | १८३७ | ०-९-१-० | ०-९-१-० | |
| | | | | | ८१७ | ०-१४-०-० | ०-४-०-० दक्षिण तर्फ | |
| ५ | सिजन काप्री | श.ल.गा.पा.७ | बुंकोट | ४ | १८३८ | २-१२-०-१ | १-९-०-० दक्षिण तर्फ | |
| ६ | टिका प्रसाद काप्री | श.ल.गा.पा.७ | बुंकोट | ४ | १८३९ | ०-१४-०-० | ०-११-०-० दक्षिण तर्फ | |
| ७ | तुय कुमारी राना मगर | श.ल.गा.पा.७ | बुंकोट | ४ | ८७९ | ३-६-१-३ | ३-२-१-३ उत्तर पश्चिम | |
| ८ | डम्बर बहादुर राना | श.ल.गा.पा.७ | बुंकोट | ४ | ८८५ | ०-३-०-२ | ०-३-०-२ | |
| | जम्मा | | | | | ११-१५-१-० | १२-१२-२-२ | |

**प्रस्ताव नं. ६: भू उपयोग वर्गीकरण क्षेत्र सम्बन्धमा।**

निर्णय नं. ६: प्रस्ताव नं. ६ माथि छलफल गर्दा यस गाउँपालिका भित्रका भूमिको वर्गीकरणमा छुट भएका वा कित्ता काट पश्चात् नया कित्ता नं. कायम भएका तपसिल बमोजिमको जग्गाको निम्नानुसार वर्गीकरण गरी अभिलेखको लागि सम्बन्धित निकायहरूमा समेत पठाउने र सोही बमोजिम कार्यान्वयन गर्ने निर्णय गरियो।

तपसिल:

| क्र.स. | साविक गा.वि.स | साविक वडा | हालको वडा नं. | कित्ता नं. | भू उपयोग वर्गीकरण क्षेत्र | कारण | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | घैरुङ्ग | ८ | ६ | ६४१ | आवास | छुट | |

**प्रस्ताव नं. ७: औषधि कुट्वा पदको पदपूर्तिका लागि अंक निर्धारण सम्बन्धमा।**

निर्णय नं. ७: प्रस्ताव नं. ७ माथि छलफल गर्दा गाउँपालिका अन्तर्गत रहेको मनकामना आयुर्वेद औषधालयको च.नं. ३, मिति २०८२।०५।२० गतेको पत्र तथा निज सुनिल थापाको २०८२।०५।२० गतेको राजिनामा पेश गरेको सम्बन्धमा पत्रानुसार सोही मितिबाट लागुहुनेगरी राजिनामा स्वीकृत भइ हाल औषधि कुट्वा (श्रेणी विहीन) पद रिक्त रहेकोले उक्त पदमा खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्ने र पदपूर्तिका लागि तपसिल बमोजिमको अंक निर्धारण गरी छनौट गर्ने निर्णय गरियो।

तपसिल:

| पद | शैक्षिक योग्यता (१५ अंक) | अनुभव (१० अंक) | स्थानीयवासी (५ अंक) | अन्तर्वार्ता परीक्षा | जम्मा |
|---|---|---|---|---|---|
| औषधि कुट्वा (श्रेणी विहीन,) | साधारण लेखपढका लागि, – १० अंक<br>१० कक्षा वा सो सरह उत्तीर्ण बापत – १२ अंक<br>१०+२ कक्षा उत्तीर्ण बापत – १५ अंक | १ वर्ष भन्दा कम – ४ अंक<br>१ देखि ३ वर्ष सम्म – ७ अंक<br>३ वर्ष भन्दा माथि – १० अंक | शहिद लखन गाउँपालिकाको लागि ५ अंक<br>गोरखा जिल्लाको अन्य स्थानीय तह बापत २ अंक<br>जिल्ला बाहिर ० अंक | २० | ५० |

**प्रस्ताव नं. ८: सार्वजनिक सुनुवाई कार्यक्रम सम्बन्धमा।**

निर्णय नं. ८: प्रस्ताव नं. ८ माथि छलफल गर्दा चालू आर्थिक वर्ष २०८२।८३ को दोस्रो चौमासिक सम्म गाउँपालिकाले कार्यसम्पादन गरेका विकासात्मक कार्यहरु, सार्वजनिक सेवा प्रवाहको हाल सम्मको कार्य प्रगतिको सम्बन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम तपसिल बमोजिमको मिति, समय र स्थानमा सञ्चालन गर्ने र उपस्थितिका लागि गाउँपालिका भित्रका जनप्रतिनिधि ज्यूहरु, राजनीतिक दल, पत्रकार, नागरिक समाज, शिक्षक, संघ संस्थाहरु, कर्मचारीहरु, विभिन्न समिति/उपसमितिहरू तथा उपभोक्ता समितिका पदाधिकारी तथा सदस्यहरु लगायत शहिद लखन गाउँपालिकावासी सबैलाई सार्वजनिक सूचना मार्फत जानकारी गर्ने निर्णय गरियो।

तपसिल:

मिति: २०८२।१२।२६ गते, बिहिबार

समयः बिहान ११:०० बजे
स्थानः शहिद लखन गाउँपालिका-८, जाइका भवन, खाब्दिभञ्ज्याङ।

**प्रस्ताव नं. ९: गरिब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा।**

**निर्णय नं. ९:** प्रस्ताव नं. ९ माथि छलफल गर्दा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, बबरमहल, काठमाडौंबाट गरिब घरपरिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्न रु. ७,४८,००० (अक्षरेपी सात लाख अठचालीस हजार रुपैयाँ मात्र) प्राप्त भएकोले गरिब परिवार पहिचान तथा परिचयपत्र वितरण निर्देशिका, २०७५ तथा गरिब परिवार पहिचान गर्न परिवारको तथ्याङ्क सङ्कलन सम्बन्धी मार्गदर्शन बमोजिम कार्यक्रम कार्यान्वयन गर्ने निर्णय गरियो। साथै, तथ्याङ्क सङ्कलन कार्यका लागि गणक ९ (नौ) जना खुला प्रतिस्पर्धाबाट पदपूर्ति गर्न १५ (पन्ध्र) दिने सार्वजनिक सूचना प्रकाशन गरी दरखास्त आह्वान गर्ने, तथा उक्त कार्यक्रमको सुपरिवेक्षणका लागि यस गाउँपालिकामा कार्यरत श्री अर्विन थापा, सूचना प्रविधि अधिकृत (सातौं तह) लाई सुपरिवेक्षक तोक्ने र तपसिल बमोजिमको अंक निर्धारण गरी छनौट गर्ने निर्णय गरियो।

तपसिलः

<table>
<tr><th>पद</th><th>शैक्षिक योग्यता (कक्षा १२)<br>(२५ अंक)</th><th>अनुभव<br>(५ अंक)</th><th>अन्तर्वार्ता</th><th>जम्मा</th></tr>
<tr><td>गणक</td><td>शैक्षिक योग्यता बापत- २५ अंक मध्ये<br>विशिष्ट श्रेणी बापत | A/A+ बाप | २३ अंक<br>प्रथम श्रेणी बापत | B/B+ बापत | २० अंक<br>द्वितीय श्रेणी बापत | C/C+ बापत | १७ अंक<br>तृतीय श्रेणी बापत | D/D+ बापत | १४ अंक<br>माथिल्लो तहको शैक्षिक योग्यता- २ अंक</td><td>तथ्याङ्क संकलन बाहेकका अनुभवका लागि प्रति १ वर्ष १ अंकका दरले बढीमा ५ अंक<br>तथ्याङ्क संकलनको अनुभवका लागि प्रति १ कार्य सम्पन्नका लगि १ अंकका दरले बढीमा ५ अंक</td><td>२०</td><td>५०</td></tr>
</table>

**प्रस्ताव नं. १०: कृषकहरूलाई छनौट सम्बन्धमा।**

**निर्णय नं. १०:** प्रस्ताव नं. १० माथि छलफल गर्दा आर्थिक वर्ष २०८२/८३ को कृषि शाखाको स्वीकृत कार्यक्रम अनुसार मिति २०८२।०५।१८ गते प्रकाशित सूचनामा पेश भएका निवेदनहरु मध्ये तपसिल बमोजिमका कृषि सहकारी/समूह/फर्म तथा कृषकहरूलाई छनौट गर्ने निर्णय गरियो।

तपसिलः

| क.सं | साना सिंचाइ कार्यक्रम | वडा नं | कार्यक्रमको नाम | सम्पर्क नं. | बजेट |
|---|---|---|---|---|---|
| १ | श्री निशल फलफूल उत्पादन तथा प्रशोधन फर्म (शिव बहादुर थापा) | वडा नं २ | साना सिंचाइ कार्यक्रम | ९८४६००८२७७ | ५०००० |
| २ | जलदेवि कृषक समूह (राजु श्रेष्ठ) | वडा नं ३ | साना सिंचाइ कार्यक्रम | ९८४६४८६०९८ | ५०००० |
| ३ | चुली डाँडा कृषक समूह | वडा नं ४ | साना सिंचाइ कार्यक्रम | ९८६५०९४९३८ | ५०००० |
| ४ | तिनमाने कृषक समूह (शेर बा राना ) | वडा नं ५ | साना सिंचाइ कार्यक्रम | | ५०००० |
| ५ | घलेडाँडा सकुशल कृषि सहकारी संस्था लि. | वडा नं ६ | साना सिंचाइ कार्यक्रम | ९८५६०४३७०९ | ५०००० |
| ६ | जेनिशा कृषि तथा पशुपंक्षी फर्म (जेनिशा श्रेष्ठ) | वडा नं ७ | साना सिंचाइ कार्यक्रम | ९८५११८६८९३ | ५०००० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | सन्तानेश्वर कृषि सहकारी संस्था (अनोज खड्का) | वडा नं ८ | साना सिंचाइ कार्यक्रम | ९८४६१८०१६१ | ५०००० |
| ८ | नामजुङ्ग साना किसान सहकारी संस्था लि. | वडा नं ९ | साना सिंचाइ कार्यक्रम | ९८४३३६९५८४ | ५०००० |
| | **मागमा आधारित अनुदान (मिनिटिलर र स्प्रेयर)** | | | | |
| १ | निरज कृषि तथा पशुपंक्षी फर्म | वडा नं १ | मिनिटिलर-१ | ९८१९१७८६४३ | |
| २ | कञ्चना बहुउदेशिय कृषि फर्म (कञ्चना थापा) | वडा नं २ | मिनिटिलर-१ | ९८४६२१५५३४ | |
| ३ | सिद्धार्थ बहुउदेश्य कृषि अर्गानिक पशुपंक्षी फर्म (खिल बहादुर श्रेष्ठ) | वडा नं २ | टनेल प्लाष्टिक - २ | ९८४६०८९३२९ | |
| ४ | प्रगतिशिल कृषक समूह (भत्त बा. थापा) | वडा नं २ | स्प्रेयर-८ | ९८०६६१४४०० | |
| ५ | मिकनेस सृजन कृषि तथा पशुपंक्षी फर्म (शिवजी थापा) | वडा नं २ | स्प्रेयर - १ | ९७०६९१७६५७ | |
| ६ | जागृती कृषि फर्म (इन्सान थापा) | वडा नं २ | स्प्रेयर - १ | ९८४६०६८७६८ | |
| ७ | विराट कृषि तथा पशुपंक्षी फर्म (अमृता थापा) | वडा नं २ | प्लाष्टिक टनेल- १ | ९८४६२८९५२८ | |
| ८ | डाडागाउँ कृषक समूह (रञ्जु थापा) | वडा नं २ | स्प्रेयर-५ | ९८४६४५६८७२ | |
| ९ | जनक कृषि तथा पशुपंक्षी फर्म (जनकलाल श्रेष्ठ) | वडा नं ३ | प्लाष्टिक टनेल -१ , पोखरी प्लाष्टिक - १ | ९८४६१२०५०९ | |
| १० | मनकामना कृषि स.सं.लि (ऋषिराम कट्टेल) | वडा नं ३ | प्लाष्टिक टनेल -५ , पोखरी प्लाष्टिक - २ | ६५५९०२७२ | |
| ११ | ताक्लुङ्ग साना किसान कृषि सहकारी संस्था | वडा नं ४,५ | मिनिटिलर- ३, स्प्रेयर- १५ | | |
| १२ | तिनमाने कृषक समूह | वडा नं ५ | मिनिटिलर- १, स्प्रेयर- २,प्लाष्टिक टनेल- २ | | |
| १३ | रन बा. थापा | वडा नं ६ | मिनिटिलर- १ | ९८५६०४३७०९ | |
| १४ | शेर बा. श्रेष्ठ | वडा नं ६ | स्प्रेयर-१ | ९८५६०९००७८ | |
| १५ | तोप कृषि तथा पशूपंक्षी फर्म (तोप बा. राना) | वडा नं ६ | मिनिटिलर- १ , स्प्रेयर-१ | ९८१६१२१८६३ | |
| १६ | बुद्धि बहादुर सार्की | वडा नं ६ | प्लाष्टिक टनेल-१ | ९८०६७७०७२४ | |
| १७ | श्री पञ्चकन्या कृषि सहकारी संस्था | वडा नं ७ | मिनिटिलर-१ | ९८४६८१९१९९ | |
| १८ | जित बहादुर थापा दर्लामी | वडा नं ७ | मिनिटिलर-१ | ९८२३३७९८७३ | |
| १९ | लाङ्गाबारी एकिकृत कृषि तथा पशुपंक्षी फर्म (किसन राना मगर ) | वडा नं ७ | इलेक्ट्रीक स्प्रेयर- १ | ९७०८८५०१९९ | |
| २० | कृष्ण प्रसाद अधिकारी | वडा नं ८ | मिनिटिलर | ९८४७५८९८६१ | |
| २१ | जिवन श्रेष्ठ | वडा नं ८ | स्प्रेयर -१ | ९८२३०१२१३५ | |
| २२ | सुप्रिना पशुपंक्षी तथा कृषि फर्म (कुमार वावु श्रेष्ठ) | वडा नं ८ | मिनिटिलर-१ | ९८१५५२१७३० | |
| २४ | नारायण श्रेष्ठ | वडा नं ८ | स्प्रेयर -१ | ९८४६२५५१०९ | |
| २५ | नामजुङ साना किसान कृषि सहकारी सं. लि. | वडा नं ९ | इलेक्ट्रीक स्प्रेयर - १० वटा | ९८४३३६९५८४ | |
| २६ | पिताम्वर पाण्डे | वडा नं ९ | मिनिटिलर-१ | ९७६५९४२६८४ | |
| २७ | सरस्वती गोतामे | वडा नं ९ | मिनिटिलर-१ | ९८५६०१८६७८ | |
| २८ | देवेन्द्र बा. थापा | वडा नं ९ | मिनिटिलर-१ | ९८४१८३३७६० | |

**प्रस्ताव नं. ११: घैरुङ-मनकामना सडकको IEE गर्ने सम्बन्धमा।**

**निर्णय नं. ११:** प्रस्ताव नं. ११ माथि छलफल गर्दा ढुंगागाडे भन्ज्याङ, बुंकोट, नाम्जुङ्ग, घैरुङ, मनकामना गोरखा सडक अन्तर्गत खण्ड-क अन्तर्गत वार्ड नं. ६ (चियानडाँडा, घैरुङ, देउराली चोक, बतासे डाँडा) वार्ड नं. २ र ५ खण्ड-ख अन्तर्गत (तिनमाने चोक, जुम्ली चौतारा, तोरेन, नयाँधारा, तिउरी भन्ज्याङ, मैदान) सडकको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्ने निर्णय गरियो।